## ३२ औं बैठक

आज मिति २०७६।०२।३०गतेका दिन धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री नृप बहादुर वडज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिति :**

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री नृप बहादुर वड | नगर प्रमुख | |
| २ | श्री सुशीला मिश्र भट्ट | नगर उप-प्रमुख | |
| ३ | श्री सन्तोष मुडभरी | कार्यपालिका सदस्य | |
| ४ | श्री नर बहादुर बम | कार्यपालिका सदस्य | |
| ५ | श्री बल् बहादुर ऐर | कार्यपालिका सदस्य | |
| ६ | श्री दिपक कुमार थापा क्षेत्री | कार्यपालिका सदस्य | ३०।२।०७६ |
| ७ | श्री हिरा सिंह पातली | कार्यपालिका सदस्य | |
| ८ | श्री भागीराम चौधरी | कार्यपालिका सदस्य | |
| ९ | श्री सिताराम राना | कार्यपालिका सदस्य | |
| १० | श्री नारायण प्रसाद वराल | कार्यपालिका सदस्य | |
| ११ | श्री प्रेम सिंह भण्डारी | कार्यपालिका सदस्य | |
| १२ | श्री राजेन्द्र राना | कार्यपालिका सदस्य | |
| १३ | श्री गंगा राम राना | कार्यपालिका सदस्य | |
| १४ | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| १५ | श्री बिजय राज जोशी | कार्यपालिका सदस्य | |
| १६ | श्री राम बजारी चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री फूल राम चौधरी | कार्यपालिका सदस्य | |
| १८ | श्री लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १९ | श्री माधव राना | कार्यपालिका सदस्य | |
| २० | श्री मुरारी अधिकारी | कार्यपालिका सदस्य | |
| २१ | श्री तिलुराम चौधरी | कार्यपालिका सदस्य | |
| २२ | श्री सिता राना | कार्यपालिका सदस्य | |
| २३ | श्री बसन्त कुमार ठाकुर | कार्यपालिका सदस्य | |
| २४ | श्री कल्याणी सिंह | कार्यपालिका सदस्य | |
| २५ | श्री गीता पन्त | कार्यपालिका सदस्य | |
| २६ | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २७ | श्री प्रेम बहादुर बि.क. | कार्यपालिका सदस्य | |
| २८ | श्री रिस्नी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २९ | श्री प्रेम सिंह विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३० | श्री नारायण प्रसाद सापकोटा | सचिव | |

## निर्णय नं.३२.१

आ.व. २०७५/०७६ मा तयार भएको धनगढी उप-महानगरपालिकाको वृहद एकिकृत शहरी विकाश योजना तयार गर्ने कार्यको DPR स्वीकृत गरी निर्णय बमोजिम भुक्तानी दिने अख्तियारी प्रदान गरियो ।

## निर्णय नं.३२.२

धनगढी उप-महानगरपालिकाका ले नगर विकाश कोषबाट लिएको सबै साँवा व्याज संपूर्ण भुक्तानी लेख्ने निर्णय गरियो । साथै साँवा र ब्याजको भुक्तानीको श्रोत को हकमा नगरपालिकाको आन्तरिक आय र न.पा. को आन्तरिक आयबाट योजनामा विनियोजित चालु आ.व वजेटको बचत रकमबाट खर्च लेख्ने निर्णय गरियो ।

## निर्णय नं.३२.३

२०७६/२/२३ मा गएको विनाशकारी हावा हुरीबाट क्षतीभएका पिडित नगरबासीको लागी तपशिल बमोजिमि गर्ने गराउने निर्णय गरियो ।

तपशिल:-

(क) पूर्ण क्षति भएको घर धनीलाई रु ६०००।-
(ख) मध्यम क्षति को लागि रु ३००० ।-
(ग) पशुपक्षि क्षति को लागि रु ३०००।-
(घ) व्यवसायिक खेतीको हकमा (कम्तीमा एक विघाहा मा व्यवसायिक खेती भएको हुनु पर्ने) रु ३०००।-

सिफारिश कार्यविधि निम्न बमोजिम हुनपर्ने छ ।

१) संबन्धित वार्डको सिफारिश
२) संबन्धित वार्डको स्थानीय प्रहरीको मुचुल्का
३) वार्ड कार्यालयको सिफारिशमा माथि उल्लिखित क.ख.ग.घ. वर्गको अनिवार्य रुपमा खुलाउनु पर्ने छ । साथै राहत भुक्तानीको श्रोत न.पा. को आन्तरिक आयबाट तत प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने निर्णय गरियो ।

## निर्णय नं.३२.४

औषधी उपचारको सम्बन्धमः

२०७६/२/२३ गतेको हावाहुरीमा परी चोटपटकमा परेका नगरवासीलाई सरकारी हस्पिटलमा भर्ना भएको सबन्धमा प्र.जि.अ. को कार्यालयबाट भुक्तानी दिने निर्णय भएकोले निजि हस्पिटलमा भर्ना भएको विरामीको हकमा विल भर्पाइको आधारमा रु ५०००।- प्रति व्यक्ति भुक्तानी दिने र यसको लागि समेत अस्पतालबाट सिफारिश हुनपर्ने ।

क) औषधी उपचार वापत वार्ड.नं. ४ मा बस्ने गिता कुवर लाई रु.११०००।- (एघार हजार मात्र) उपलब्ध गराउने ।

## निर्णय नं.३२.५

क्षतिभएको विद्युतपोलको हकमाप्रतिविद्युतपोलको (न.पा. क्षेत्रभित्र) रु २००।- दिने र यसको लागि वार्ड कार्यालयको अनिवार्य सिफारिश मागगर्ने र नगर प्रमुखको सिफारिशअनिवार्य गर्ने ।

## निर्णय नं.३२.६

विपतको समयमा मेस चलाएवापत वार्ड अध्यक्षको सिफारिश र विलभर्पाइको आधारमानगर प्रमुखले गरेको सिफारिशमाभुक्तानी लेख्ने ।

## निर्णय नं.३२.७

सुत्केरी महिला घाइते भएको औषधीउपचारको विलभर्पाइको हकमानगर प्रमुख ले गरेको सिफारिशले थपप्रोत्साहनको हकमा पूर्ण क्षतिभएको घरको परिवारको हकमा रु १५००।- प्रतिव्यक्ति सुत्केरी महिलालाई राहतउपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं.३२.८

काठमाण्डौंमा संचालनहुने अखिलमहिला फुटवल संघ उप-मेयर कपको लागीभुक्तानीदिन न.पा.को आन्तरिक आयबाट खर्च लेख्ने गरि रु ४,५०,०००।- बजेट रकमविनियोजन गर्ने निर्णय गरियो ।

पुनश्च: वार्ड सिफारिश भै आएको सिफारिश कागज र प्रहरी मुचुल्काउपर छानविन गरि भुक्तानीको लागीसिफारिश गर्न नगर स्तरीय विपदव्यवस्थापनतथा समन्वयउप-समितिलाई जिम्मालगाउने । उक्तउप-समितिले भुक्तानीदिन राय सहितनगर प्रमुखलाई पेश गरेमानगर-प्रमुखको सिफारिशको आधारमाकार्यालय प्रमुख (प्र.प.अ.) ले भुक्तानी लेख्ने निर्णय गरियो । साथै एकलमहिलाको हकमा सुत्केरी महिला सरहको राहतदिने । सुत्केरी महिलाको सुत्केरी महिनाको अवधिबच्चाजन्मेको दिन देखी ९० दिन सम्मको सुत्केरी अवधिमान्ने निर्णय गरियो ।

विपद- व्यवस्थापनउप-समितिले आफ्नो कार्यविधिआँफै नियमितगर्ने अख्तियारी दिईयो ।

२०७३।४।३० गते बेलुका ६:०० बजे
प्र. प्र. अधिकृत
नारायण प्र. सापकोटा

नगर प्रमुख